तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यलय

का.वै.सं. १२/०७५/०७६(४८) मितिः २०७५/०८/०५ गते बुधवार, समयः १३:०० वजे

प्रस्तावहरुः

१. गौतम बुद्ध सामुदायिक मुटु अस्पताललाई जग्गा व्यवस्थापन सम्बन्धमा ।

२. विभिन्न कार्यविधि सम्बन्धमा ।

३. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

४. विविध

क) योजना सम्बन्धमा

ख) गुरु योजना सम्बन्धमा ।

ग) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्बन्धमा ।

घ) कृषि विकास कार्यक्रम सम्बन्धमा ।

ङ) समपुरक कोषका योजना सम्बन्धमा ।

च) वडा कार्यालय व्यवस्थापन सुझाव उपसमितिको प्रतिवेदन सम्बन्धमा ।

छ) आय-व्यय सम्बन्धमा ।

निर्णय नं. १

- गौतम बुद्ध सामुदायिक स्वास्थ्य संस्था, बुटवल, रुपन्देहीको मिति २०७५/०८/०३ च.नं. ३५/०७५/०७६ को पत्रको सम्बन्धमा सामुदायिक अस्पताल निर्माण गर्नका लागि जग्गा लिजमा दिन सिफारिस गर्ने विषयमा छलफल हुँदा तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रममा समावेश स्वास्थ्य सम्बन्धी नीति, सम्बन्धित स्वास्थ्य संस्थाको कार्यानुभव, मानवीय, वित्तिय र भौतिक स्थिति, सम्बन्धित संस्थाको गुडविल/ख्याति, मिति २०७५/०७/२६ गते उल्लिखित संस्था र नगर कार्यपालिका सदस्यहरु वीच भएको छलफल, मिति २०७५/०८/०३ गतेको तिलोत्तमा-४ को वडा भेला एवं वडा समितिको पत्रको आधारमा देहाय वमोजिम निर्णय गरियो ।



Scanned by CamScanner

१. तिलोत्तमा नगरपालिका वडा नं. ४ मा रहेको कि.नं. ६४ को सार्वजनिक जग्गा ८-५-१९ र सो संग जोडिएको सार्वजनिक जग्गा समेत गरी जम्मा क्षेत्रफल १०-०-० (दश विगाह) जग्गा लिजमा उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

२. स्वास्थ्य संस्थाले स्थानीय नागरिकलाई रोजगारी र अस्पताल सेवामा उच्च प्राथमिकता दिनुपर्ने।

३. अस्पताल संचालक समितिमा नगर/वडाको सहभागिता अनिवार्य हुनुपर्ने ।

४. उक्त जग्गाको दक्षिण तर्फ वडा नं. ६ संग जोडिएको सडक १०० फिट, पश्चिम तर्फ तिनाउ नदी वहाव क्षेत्रका अतिरिक्त १०० फिट र पूर्व तर्फ उत्तरदक्षिण सडक हुने गरी ४३ फिटको सडक क्षेत्र कायम गर्नुपर्ने।

५. नगरपालिका भित्रका अति विपन्न र गरिव नागरिकको उपचार सेवामा नगरपालिकाको सिफारिसमा अधिकतम छुट उपलब्ध गराउनु पर्ने ।

६. स्वास्थ्य संस्थाको प्रयोगको लागि सिफारिस गरिने जग्गा व्यवस्थापन र प्रयोग सम्बन्धी अन्य शर्तहरु नगरपालिकाले तोके वमोजिम हुने ।

निर्णय नं. २

- विधेयक समितिको मिति २०७५/०७/२८ गतेको वैठकमा छलफल भई उपप्रमुख श्री जगेश्वर देवी चौधरीद्वारा पेश गरिएका देहाय वमोजिमका कार्यविधिहरु माथि दफावार छलफल र सुझाव सहित अनुमोदन गरियो ।

<u>अनुमोदन गरिएका कार्यविधिहरु</u>

क) सामुदायिक विकास कोष, सामाजिक परिचालन सम्बन्धि कार्यविधि, २०७५

ख) टोल विकास संस्था संचालनका लागि उपलब्ध गराईने अनुदान खर्च कार्यविधि, २०७५

निर्णय नं. ३

- मिति २०७५/०७/२९ गते वसेको तिलोत्तमा नगरपालिका शिक्षा समितिको ७औं वैठकमा भएका देहाय वमोजिमका निर्णयहरुलाई अनुमोदन गरियो ।



Scanned by CamScanner

## तिलोत्तमा नगर शिक्षा समिति निर्णयहरु:

- तिलोत्तमा नगरपालिका भित्र संचालनमा रहेका समुदायमा आधारित तपशीलका बालविकास केन्द्रका बालबालिकाहरुलाई दिवा खाजा व्यवस्थापन गर्नका लागि बालविकास केन्द्रबाट माग भई आएका निम्न संख्याका बालबालिकाहरुलाई दिवा खाजा उपलब्ध गराउन नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.स | बालविकास नाम | ठेगाना | दिवा खाजा संख्या |
|---|---|---|---|
| १. | श्री प्रगति बाल विकास केन्द्र | तिनपा १७ | २४ |
| २. | श्री मन्द्राहनी बाल विकास केन्द्र | तिनपा ११ | २० |
| ३. | श्री बुद्ध बाल विकास केन्द्र | तिनपा १० | २० |
| ४. | श्री चण्डी बाल विकास केन्द्र | तिनपा १७ | २० |
| ५. | श्री गुराँस बाल विकास केन्द्र | तिनपा १५ | २० |
| ६. | श्री सिद्धार्थ बाल विकास केन्द्र | तिनपा १७ | २३ |
| | | जम्मा | १२७ |

- तिलोत्तमा नगरपालिका शिक्षा नियमावली ( प्रथम संशोधन ) २०७४ को नियम २६ को उपनियम (१) को "घ" मा व्यवस्था भए अनुसार निम्न सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा मनोनित गर्ने निर्णय गरीयो ।

| क्र.स | विद्यालयको नाम | मनोनित सदस्यको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री बभनी भू.पु सैनिक प्रा.वि | बिष्णु पराजुली | तिनपा -१३ |
| २ | श्री जनहित मा.वि | प्रदिप थापा | तिनपा -१० |
| ३ | श्री टिकुलीगढ मा.वि | तुलसीराम पाण्डे | तिनपा -१४ |
| ४ | श्री दुर्गा वैदिक संस्कृत विद्यापिठ | कृष्ण पाण्डे | तिनपा -१ |
| ५ | श्री सरस्वती नि.मा.वि | चिन्ता मणि सापकोटा | तिनपा -१४ |
| ६ | श्री सेमरी प्रा.वि | कृष्ण बहादुर थारु | तिनपा -१३ |



Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ७ | श्री जनता मा.वि | वेद प्रसाद न्यौपाने | तिनपा -१३ |
| ८ | श्री दुर्गा वेद वेदाङ्ग संस्कृत विद्यापिठ | सूर्यलाल भण्डारी | तिनपा-१४ |

- तिलोत्तमा नगरपालिका शिक्षा नियमावली (प्रथम संशोधन) २०७४ को नियम २७ को उपनियम (४) को ग मा व्यवस्था भए अनुसार निम्न संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा मनोनित गर्ने निर्णय गरीयो ।

| क.स | विद्यालयको नाम | मनोनित सदस्यको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री लुम्बिनी शिशु सदन इ.बो.स्कुल | अमित गोयनका | तिनपा -१६ |

- लुम्बिनी शिशु सदन प्रा.लि द्वारा संचालित तिलोत्तमा न.पा -१६ मा अवस्थित लुम्बिनी शिशु सदन इङ्लिस बोडिङ्ग स्कुलको च.नं ४० मिति २०७५/६/२४ को प्राप्त पत्रानुसार संलग्न कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंको च.नं ८५८५ मिति २०७२/७/१२ गतेको पत्रबाट साविकको लुम्बिनी शिशु सदन प्रा.लि लाई नाम परिवर्तन गरी के.पी .एम. एजुकेसन प्रा.लि.भएको र परिवर्तित नामबाट प्रा.लि. संचालन गर्न सम्बन्धित निकायको पूर्व स्वीकृत लिनुपर्ने भनि समेत लेखि आएकोले के.पी.एम.एजुकेसन प्रा.लि द्वारा संचालित लुम्बिनी शिशु सदन इङ्लिस बोडिङ्ग स्कुल तिलोत्तमा न.पा.-१६ रुपन्देही को नाम परिवर्तन गरी के.पी.एम.एजुकेसन इङ्लिस बोडिङ्ग स्कुल तिलोत्तमा न.पा.-१६ कायम गर्न स्वीकृति दिने निर्णय गरीयो ।
- आधारभूत तह उत्तिर्ण (कक्षा-८) परीक्षा स्थानिय स्तरबाट संचालन गर्ने कानुनी व्यवस्था भएकोले SEE MODEL मा नगरपालिकाबाट परीक्षाको मर्यादा कायम राख्ने र गुणस्तर सुनिश्चित गर्ने व्यवस्था कायम गर्ने गरी परीक्षा संचालन गर्ने निर्णय गरीयो ।
- तिलोत्तमा नगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा संचालित कक्षा ११ र १२ का कक्षाहरु आगामी शैक्षिक सत्र २०७६ बाट दिवा सत्रमा संचालन गर्न आवश्यक निर्णयका लागि नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।



Scanned by CamScanner

- सामुदायिक विद्यालयको आ.व २०७४/७५ को विद्यालय लेखापरीक्षण स्थानीय सरकार कार्यसंचालन ऐन, २०७४ को दफा ११(२)को (ज) अनुसार विद्यालयहरुको समग्र व्यवस्थापनको कार्य साथै विद्यालयको लेखा तथा आर्थिक अनुशासन सम्बन्धी कार्य समेत स्थानीय तहको रहेकोले नेपाल चार्टड एकाउन्ट संस्थाको स्वीकृत मापदण्ड र शिक्षा नियमावली, २०५९ को नियम २५ (१) को ढ१ अनुसार विद्यालयको लेखापरीक्षणको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लेखापरीक्षकहरुबाट गराउनका लागि स्वीकृति प्रदान गर्ने साथै विद्यालयले लेखापरीक्षकलाई कुल कारोबारको ०.२० प्रतिशत पारिश्रमिक उपलब्ध गराउने गरी आवश्यक निर्णयका लागि नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।
- आधारभूत तह उत्तिर्ण परीक्षा (कक्षा-८) को GRANDE-SHEET प्रतिलिपि वापत रु २००। र नाम थर, जन्म मिति, ठेगाना आदि सच्याउँदा रु १००।- सेवा शुल्क लिने निर्णय गरीयो ।

**निर्णय नं. ४ (विविध)**

**क) योजना सम्बन्धमाः**

- आर्थिक वर्ष २०७५/०७६ को वार्षिक योजनाको वजेट संकेत नं. २०६० लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शीर्षकको क्र.सं.नं. ८ मा झिगु नेवाः पुचः भवन निर्माणको वडा नं. ३ हुनुपर्नेमा अन्यथा भएको हुँदा सच्चाउने निर्णय गरियो ।
- आर्थिक वर्ष २०७५/०७६ को वार्षिक योजनाको वजेट संकेत नं. ३०१० कल्भर्ट शीर्षकको क्र.सं.नं. २० मा वडा नं. ४ मा सिद्धबाबा पथमा कल्भर्ट निर्माण गर्न विनियोजित रकम रु. ४०,०००।- सोही वडाको भक्तपुर पथमा कल्भर्ट निर्माण गर्न शीर्षकान्तर गर्ने निर्णय गरियो।

**ख) गुरु योजना सम्बन्धमाः**

- यस नगरपालिका र Bright Future International, Kathmandu वीच भएको सम्झौता वमोजिम तयार पारिएको "तिलोत्तमा नगरपालिकाको एकीकृत शहरी विकास योजना (IUDP) लाई राष्ट्रिय भू-उपयोग नीति, भू-उपयोग योजना, संघीय, प्रदेश र स्थानीय सरकारको Development Policy र नगरपालिकाको दीर्घकालिन महत्वका योजनाहरुलाई समेत समेट्नका लागि प्रचलित कानूनको अधिनमा रही परिमार्जन (Review) गर्नको लागि आवश्यक प्रक्रिया अवलम्वन गर्ने निर्णय गरियो।



Scanned by CamScanner

## ग) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्बन्धमा:

- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७५ वमोजिम छनौट भएका योजनाहरु वारेमा छलफल र जानकारी आदान प्रदान गरियो ।

## घ) कृषि विकास कार्यक्रम सम्बन्धमा:

- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, ५ नं. प्रदेश, रुपन्देहीको चालु आ.व. का लागि कृषि विकास कार्यक्रम (मागमा आधारित एवं लागत सहभागिता) का लागि सम्बन्धित वडा अध्यक्षले स्थानीय स्तरमा छलफल गरी तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव गर्ने र वडा कार्यालयबाट प्राप्त भएका कार्यक्रमको एकीकृत रुपमा सम्बन्धित मन्त्रालयमा पेश निर्णय गरियो।

## ङ) समपुरक कोषका योजना सम्बन्धमा:

- आर्थिक मामिला तथा योजना मन्त्रालय ५ नं. प्रदेश रुपन्देहीले चालु आ.व. (२०७५/०७६) मा छुट्टाएको समपुरक अनुदानबाट संचालन गर्न सकिने देहायका योजनाहरु माग गर्ने निर्णय गरियो ।

१. तिलोत्तमा नगरपालिकाको अत्तिथि गृह र सभाहल, ति.न.पा.-९
२. मुडियारी दल्का भलवारी सडक, ति.न.पा.- १७, ७
३. ड्राईभरटोल शिवपुर सडक, ति.न.पा.-१, ८
४. सिताराईस मिल डिङ्गरनगर सडक, ति.न.पा.- ३, ४
५. करौंजिया विसौरिया खैरिया सडक, १३, १४
६. भ्यू टावर (तिलोत्तमा न.पा.) वनवाटिका, ति.न.पा.- १
७. पुरानो सडक ड्रिमल्याण्ड हुँदै कैलाश पथ, ति.न.पा.-५
८. पत्थर डाँडा वेहुली सडक, ति.न.पा.- १५, १६
९. शंकरनगर चोक देखि वनवाटिका जोड्ने बाटो, ति.न.पा.- १, २
१०. जनभावना स्कूल देखि पूर्व वडा नं. ११ को सिमाना जोड्ने बाटो, ति.न.पा.- ८

## च) वडा कार्यालय व्यवस्थापन सुझाव उपसमितिको प्रतिवेदन सम्बन्धमा:

- मिति २०७५/०७/१० गतेको नगर कार्यपालिकाको ४६औं वैठकबाट कार्यपालिकाका सदस्य श्री कृष्ण पौडेलको संयोजकत्वमा गठित "वडा कार्यालय व्यवस्थापन सुझाव उपसमिति" ले नगर प्रमुख समक्ष बुझाएको प्रतिवेदन माथि छलफल गरि समितिको सिफारिस वमोजिम क्रमशः वडा कार्यालयहरुको भौतिक पूर्वाधार एवं अत्यावश्यक सामाग्रीहरु आपूर्ति गर्दै जाने निर्णय गरियो ।

## छ) आय-व्यय सम्बन्धमा:-

- लेखा अधिकृत श्री धनेश्वर पोखेलद्वारा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ प्रथम चौमासिक आयव्यय विवरण माथि छलफल गरि खर्ज सार्वजनिक र अनुमोदन गरियो ।



Scanned by CamScanner